नेपाल सरकार

पूर्वाधार विकास मन्त्रालय

सडक विभाग

संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय

# सडक डिभिजन, बैतडी

## सडक सम्पतीको सुरक्षा तथा उचित प्रयोग सम्बन्धी सूचना!!!

सूचना प्रकाशित मितिः २०८३/०६/१९

यस सडक डिभिजनले बैतडी, बझाङ्ग र दार्चुला जिल्ला जोड्ने मध्यपहाडी राजमार्ग (NH-03), खोड्पे-चैनपुर राजमार्ग (NH-64) र महाकाली राजमार्ग (NH-66) को नियमित मर्मत सम्भारको कार्य गर्दै आइरहेको छ। यस सडक कार्यालयको कार्यक्षेत्र भित्र पर्ने सडकको सडक सीमा (Right of Way) तथा सडक छेउछाउका क्षेत्रबाट ढुंगा, गिट्टी, बालुवा, माटो लगायतका निर्माणजन्य सामग्री जथाभावी उत्खनन, संकलन तथा निकासी नगर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। सडक छेउबाट ढुंगा तथा अन्य सामग्री उत्खनन गर्दा सडकको संरचना, सडकको स्थायित्व, नाली, कल्भर्ट, पर्खाल तथा सडकको ढलान/कटानमा क्षति पुग्नुका साथै पहिरो तथा भू-क्षयको जोखिम बढ्ने र सडक यातायातमा समेत अवरोध हुन सक्ने भएकाले यस्तो कार्य नगर्न/नगर्नु/नगराउनु हुन अनुरोध गरिन्छ। अतः निर्माण व्यवसायी, ढुंगा-गिट्टी तथा निर्माण सामग्रीका व्यवसायी, स्थानीय बासिन्दा, उपभोक्ता तथा सम्बन्धित सबै व्यक्ति/संस्थालाई सडक तथा सडक सीमाबाट स्वीकृति/कानूनी प्रक्रिया पूरा नगरी ढुंगा, गिट्टी, बालुवा, माटो लगायतका सामग्री उत्खनन, संकलन वा निकासी नगर्न तथा अन्यलाई समेत त्यस्तो कार्य गर्न नदिन सूचित गरिन्छ। सडक हामी सबैको साझा सम्पति हो। यसको उपयोग मात्र नभई संरक्षण गर्नु हामी सबै नागरिकको साझा दायित्व पनि हो। राज्यको ठूलो धनराशी खर्च गरि बनाइएका सडक र सडक संरचना क्षति हुनु दुःखद घटना हो। तत्सम्बन्धमा सार्वजनिक सडक ऐन, २०३१ अनुसार "स्वीकृति नलिई सार्वजनिक सडक वा सडक सिमामा कुनै किसिमको काम गर्न नहुने" साथै सडक विभागको पूर्व स्वीकृति लिएर मात्र पहुँच मार्ग निर्माण गर्नुहुन अनुरोध छ। यस सूचनाको अवज्ञा गरी सडक तथा सडक संरचनामा क्षति पुऱ्याउने कार्य गरेको पाइएमा प्रचलित कानून तथा नियम बमोजिम आवश्यक कारबाही गरिने र त्यसबाट भएको क्षतिको जिम्मेवारी सम्बन्धित व्यक्ति/संस्थाले नै व्यहोर्नु पर्नेछ। सडकको संरक्षण तथा सुरक्षित, सहज र दिगो यातायात सञ्चालनमा सहयोग पुऱ्याउन सम्पूर्ण सरोकारवालाहरूमा हार्दिक अनुरोध छ।

**डिभिजन प्रमुख**